# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, चैत १६ गते, २०८२ साल (अतिरिक्ताङ्क १४

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालयको

## सूचना

**सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८२**



**प्रस्तावना**: प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने कार्यलाई थप व्यवस्थित बनाउन वान्छनीय भएकोले,

वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ६ को उपदफा (४) को प्रयोजनको लागि सोही ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले ऐनको दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) “योजना आयोग” भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(छ) “समिति” भन्नाले दफा ६ बमोजिमको आयोजना वा कार्यक्रम छनोट समिति सम्झनु पर्छ।

(ज) “सम्बन्धित मन्त्रालय” भन्नाले दफा ३ को उपदफा (१) बमोजिमका आयोजना वा कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

३. <u>समपूरक अनुदान प्रदान गरिने क्षेत्र र सीमाः</u> (१) प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार विकाससँग सम्बन्धित देहायका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान उपलब्ध गराउन सक्नेछः-

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण

(ख) खानेपानी तथा सरसफाई

(ग) सिँचाई

(घ) नवीनतम् प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन

(ङ) सामुदायिक विद्यालय भवन निर्माण

(च) स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधार निर्माण





(छ) मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण,

(ज) सौर्य वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार

(झ) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा सो अन्तर्गतको सडक पुल

(ञ) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार

(ट) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम।

(२) स्थानीय तहले समपूरक अनुदानका लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनु पर्नेछः-

(क) गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कुल लागत

अनुमान पचास लाख देखि दुई करोड रुपैंयाँसम्म,

(ख) नगरपालिकाबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान पचास लाख देखि तीन करोड रुपैयाँसम्म,

(ग) उपमहानगरपालिकाबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान एक करोड देखि चार करोड रुपैयाँसम्म।

(३) दफा ३ को उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रम वढीमा तीन वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

४. <u>समपूरक अनुदान माग गर्ने:</u> (१) योजना आयोगले प्रत्येक वर्ष फागुन मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना आयोगबाट प्रस्ताव माग भएपछि स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र अनुसूची -१ बमोजिमको ढाँचामा योजना आयोगसमक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।





(३) उपदफा (१) बमोजिम सूचना जारी भएपछि स्थानीय तहले समपूरक अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव चैत्र मसान्तभित्र योजना आयोगले तोकेको विद्युतीय प्रणाली मार्फत् सो आयोगमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक वर्ष २०८३/८४ का लागि आयोजना वा कार्यक्रम प्रस्ताव माग गर्ने र प्रस्ताव पेस गर्ने समयसीमा योजना आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम क्रमागत सहित बढिमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

तर, यो कार्यविधि प्रारम्भ हुँदाका वखत सञ्चालनमा रहेका क्रमागत आयोजना वा कार्यक्रमको कुल लागत र लागत साझेदारी अनुपात साविककै व्यवस्था बमोजिम हुनेछ।

(६) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव पेस गर्दा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए सो कुरा समेत त्यस्तो प्रस्तावमा खुलाउनु पर्नेछ।

(७) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजात विद्युतीय (अनलाईन) प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान,

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण,

(घ) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय र अनुसूची-२ बमोजिमको ढाँचामा सर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

(८) उपदफा (६) बमोजिम आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा देहायका विवरण समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई,

(ख) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ग) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,





(घ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ङ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(च) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(छ) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ज) क्रमागत आयोजना वा कार्यक्रमको प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्वन्धी विवरण, र

(झ) योजना आयोगले निर्धारण गरेको अन्य विवरण।

(९) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजनाको कुल लागत रकममध्ये स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेस गर्नु पर्नेछ।

(१०) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(११) स्थानीय तहले समपूरक अनुदानवाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

५. <u>पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न नपाइनेः</u> (१) स्थानीय तहले साविकमा सञ्चालन भइराखेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रम र नयाँ आयोजना वा कार्यक्रम समेत गरी दफा ४ को उपदफा (५) बमोजिमको सङ्ख्यामा नबढ्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न बाधा पर्ने छैन।

६. <u>आयोजना वा कार्यक्रम छनोट समितिः</u> (१) समपूरक अनुदानमा स्थानीय तहबाट प्रस्ताव भएको आयोजना वा कार्यक्रम छनोट गरी सिफारिस गर्न योजना आयोगमा देहाय





बमोजिमको एक आयोजना वा कार्यक्रम सिफारिस समिति रहनेछः-

(क) योजना आयोगको उपाध्यक्ष - संयोजक
(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ग) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य
(घ) प्रदेश सचिव, प्रदेश सरकारको विषयगत मन्त्रालय - सदस्य
(ङ) सचिव, योजना आयोग - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफै निर्धारण गर्न सक्नेछ।

७. <u>आयोजना वा कार्यक्रम छनोट गरी सिफारिस गर्नेः</u> (१) समपूरक अनुदानको लागि प्रस्ताव भएको आयोजना वा कार्यक्रमको समितिले देहायको आधारमा छनोट गरी योजना आयोगमा सिफारिस गर्नेछः-

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, आयोजना वा कार्यक्रम कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) आयोजना वा कार्यक्रमको आवश्यकता भएको,

(घ) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(ङ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(च) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुग्ने,

(छ) रोजगारी वृद्धि गर्ने,

(ज) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिने आधार स्पष्ट भएको,

(झ) स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने,

(ञ) प्रदेश सरकारको आवधिक योजनाको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित आयोजना वा कार्यक्रम,

(ट) प्रादेशिक योजनाले लिएका प्राथमिकता र उद्देश्यसँग मेल खाने र प्रादेशिक सन्तुलन कायम गर्न सहयोग पुग्ने।





(२) समितिले आयोजना वा कार्यक्रमसिफारिस गर्दा उपदफा (१) मा उल्लेखित आधारका अतिरिक्त प्रस्ताव भई आएका आयोजना वा कार्यक्रममध्ये क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई नयाँ आयोजना वा कार्यक्रमछनोट गरी योजना आयोगमा सिफारिस गर्नुपर्ने छ।

(३) समितिले आयोजना वा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना वा कार्यक्रमगत रुपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(४) समितिले आगामी आर्थिक वर्षको लागि आयोजना वा कार्यक्रम सिफारिस गर्दा निर्धारित बजेट सीमाभित्र रही चालू आर्थिक वर्षको बैशाख मसान्तभित्र सिफारिस गरिसक्नु पर्नेछ।

(५) समितिले आयोजना वा कार्यक्रम सिफारिस गरिसकेपछि योजना आयोगले स्थानीय तहको आयोजना वा कार्यक्रम छनोट गरी सोको विवरण सहितको जानकारी जेठ १५ गतेभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) समितिले आर्थिक वर्ष २०८२/८३ का लागि सिफारिस गरेका आयोजना वा कार्यक्रम बाहेक तोकिएको समय सीमाभित्र समपूरक अनुदान सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका अन्य आयोजना वा कार्यक्रमको हकमा अनुसूची -२ बमोजिमका कागजात पूर्ण रूपमा पेस नभए तापनि स्थानीय तहले ठेक्का प्रक्रियामा जानुपूर्व बाँकी कागजात पेस गर्ने सर्तमा स्थानीय तहको कार्यपालिकाको निर्णय तथा प्राथमिकताक्रम र विनियोजित स्रोत समेतलाई

आधार लिई योजना आयोगले आयोजना वा कार्यक्रम छनोट गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम योजना आयोगले छनोट गरेका आयोजना वा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबिआईएस) मा प्रविष्टि गर्नुपर्नेछ। त्यसरी प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित स्थानीय तहले नपुग बाँकी कागजात पेस नगर्दासम्म रोक्का हुनेछ।

(८) उपदफा (७) बमोजिम स्थानीय तहको आयोजना वा कार्यक्रमको बजेट अख्तियारी वा निकासा रोक्का वा फुकुवा योजना आयोगको सिफारिसमा आर्थिक मामिला मन्त्रालयले गर्नेछ।

८. <u>बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेः</u> (१) योजना आयोगले स्थानीय तहबाट समपूरक अनुदानमार्फत् कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमविआइएस) मा प्रविष्टि गर्नु पर्नेछ। स्थानीय तहले स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) स्थानीय तहले आयोजना वा कार्यक्रमप्रविष्टि गर्दा प्रस्तावसँग सम्बन्धित अनुसूची-२ बमोजिमको सर्त पुरा भएको प्रमाणित गर्ने फाराम तथा कागजात र अनलाइन प्रणालीमा प्रविष्टि भएका कागजातमा फरक परेमा वा अर्को





कागजात प्रविष्टि गरेमा सम्बन्धित स्थानीय तह जिम्मेवार हुनु पर्नेछ।

(३) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेस भएपछि योजना आयोगले समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण आफ्नो बेवसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

९. <u>प्रदेश सरकारले समपुरक अनुदान प्रदान गर्नेः</u> (१) प्रदेश सरकारले योजना आयोगबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकास अवस्था र राजस्व क्षमता समेतको आधारमा स्थानीय तहलाई अनुसूची-३ बमोजिमको रकम समपूरक अनुदान वापत प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजीक्षेत्रसँगको साझेदारी रहेको, सार्वजनिक निजी साझेदारीमा आधारित वा सहलगानीमा आधारित पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तह र निजीक्षेत्रले व्यहोर्ने रकम बाहेक अपुग हुने सम्भाव्यता न्यून परिपूरक कोष (भायाविलिटी ग्याप फन्डिङ) रकमको अधिकतम पचास प्रतिशत प्रदेश

सरकारले समपूरक अनुदानको रूपमा सम्बन्धित स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा रकम उपलब्ध गराइनेछ।

(५) स्थानीय तहले समपूरक अनुदानवाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेस गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

१०. **समपुरक अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्ने छैनः-

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,



खण्ड ९) अतिरिक्ताङ्क १४, प्रदेश राजपत्र भाग २ मिति २०८२।१२।१६

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिको आयोजना वा कार्यक्रम,

(घ) दफा ३ को उपदफा (२) मा उल्लिखित न्यूनतम सीमाभन्दा कम कुल लागत अनुमान भएको आयोजना वा कार्यक्रम।

११. **आयोजना वा कार्यक्रम तोकिएको समयावधिभित्र सम्पन्न गर्नुपर्ने:** समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना वा कार्यक्रम दफा ४ बमोजिम पेस गरिएको प्रस्तावमा तोकिएको समयावधिभित्र सम्पन्न गरी सक्नु पर्नेछ। सो अवधिभित्र आयोजना वा कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

१२. **अनुदान रकम खर्च गर्ने प्रक्रिया:** (१) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यकममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न पाइने छैन।

(३) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालयबाट समपूरक अनुदान निकासा माग गर्दा आयोजनाको खरिद योजना, खरिद सम्झौता र कार्य प्रगति विवरण पेस गर्नु पर्नेछ।

(५) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(६) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ।

१३. <u>रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्ने:</u> स्थानीय तहमा भएको समपूरक अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१४. **<u>आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुने:</u>** समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो वाहेक अर्को आयोजनाको





लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

१५. <u>निर्देशन दिन सक्ने:</u> (१) समपूरक अनुदानबाट सञ्चालित कुनै आयोजना वा कार्यक्रम त्यस्तो आयोजना वा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नु पर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालय वा योजना आयोगले स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालय वा योजना आयोगले सोको छानबिन गरी स्थानीय तहको सम्बन्धित पक्षलाई अवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम दिएको निर्देशनको जानकारी वा उपदफा (२) बमोजिम गरेको छानबिनको

जानकारी निर्देशन दिने वा छानविन गर्ने निकायले अर्को निकायलाई गराउनु पर्नेछ।

१६. **अनुगमन तथा प्रतिवेदनः** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) आयोजना वा कार्यक्रम सञ्चालित वडाको वडाध्यक्ष - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रको एकजना प्राविधिक कर्मचारी वा विषय विशेषज्ञलाई अनिवार्य रूपमा सहभागी गराउनु पर्नेछ।

(३) समपूरक अनुदानबाट स्थानीय तहले कार्यान्वयन गरेका आयोजना वा कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक, पारदर्शी किसिमले र तोकिएको समय सीमाभित्र भए नभएको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय वा योजना आयोग र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले अनुगमन गर्न सक्नेछ।

(४) स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम





स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(६) सबै स्थानीय तहले आफ्नो क्षेत्रमा समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी मन्त्रालय, योजना आयोग, सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा अनुसूची-४ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा योजना आयोगले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

१७. **अनुदान रोक्का वा कट्टा गर्न सकिने:** (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मङ्सिर मसान्तभित्र ठेक्का सूचना हुन नसकेमा वा मन्त्रालय वा योजना आयोगले दफा १५ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा पेस गर्नु पर्ने प्रगति प्रतिवेदन पेस नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा

मन्त्रालयले समपूरक अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने समपूरक अनुदान रकमबाट रोक्का राख्न वा कट्टा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले प्रगति प्रतिवेदन पेस गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१८. **आयोजना वा कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी:** समपूरक अनुदानबाट सम्पन्न भएको आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन।

१९. **अनुसूचीमा हेरफेर:** मन्त्रालयले योजना आयोगको परामर्शमा यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२०. **खारेजी र बचाउ:** (१) सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।





अनुसूची -१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**समपूरक अनुदान प्रस्ताव गर्ने फाराम**

(१) अनुदान माग गर्ने स्थानीय तहको नाम :

(२) ठेगाना:

(३) फोन: .............फ्याक्स नं.: .......... इमेल : .............

(४) कार्यक्रम वा आयोजनाको नाम :

(५) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थान:

(६) आयोजना वा कार्यक्रमको अनुमानित कुल लागत:

(७) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण:

(८) आयोजना वा कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसङ्ख्या:

(९) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने आर्थिक वर्ष:

(१०) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये प्रदेश र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण:

(११) आयोजना वा कार्यक्रममा निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकम:

(१२) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा:

(१३) प्रदेश सरकारले समपूरक अनुदान मार्फत् व्यहोर्ने प्रस्तावित रकम:

(१४) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याईः

(१५) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाः

(१६) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्तिः

**(१७) संलग्न आवश्यक कागजातहरू:**

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान,

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण क्रमबद्धता , सम्बन्धित कार्यपालिकाको निर्णय र अनुसूची-२ बमोजिमको प्रमाणित फाराम,

(घ) योजन आयोगले निर्धारण गरेको अन्य विवरण तथा कागजात।

| |
|---|
| प्रमुख प्रशासकीय अधिकृतको, |
| दस्तखतः |
| नाम थरः |
| मितिः |





अनुसूची -२

(दफा ४ को उपदफा (७) को खण्ड (घ) सँग सम्बन्धित)

**समपूरक अनुदानको लागि सर्त पूरा भएको प्रमाणित गर्ने फाराम**

.......................... स्थानीय तहको नाम

........................... ठेगाना

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १) | | |
| २) | | |
| ३) | | |
| ..... | | |

१. आयोजना वा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,

२. आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको,

३. आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

४. आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन वा ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान तयार भएको

५. आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको,
६. आयोजना वा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,
७. प्रदेशले कार्यान्वयन गरिरहेको र स्थानीय तहले आफ्नै वा अन्य स्रोतवाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमसँग दोहोरो नपरेको,
८. क्रमागत आयोजना सहित स्थानीय तहको हकमा अधिकतम तीन वटासम्म आयोजना वा कार्यक्रमहरू प्रस्ताव गरेको,
९. क्रमागत तथा नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना वा कार्यक्रमको प्राथमिकीकरण विवरण (सम्बन्धित कार्यपालिकाको निर्णय) भएको,
१०. आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,
११. आयोजना वा कार्यक्रमको दिगोपनको सन्दर्भमा व्यवस्थापन तथा सञ्चालन सुनिश्चितता भएको,
१२. आयोजना वा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,
१३. आयोजनाको निर्माण स्थल तयारी (Site Clearance) भएको।

आयोजना वा कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका सर्तहरू पूरा भएको प्रमाणित गर्दछु।





| <u>तयार गर्नेको.-</u> | <u>प्रमाणित गर्नेको,-</u> |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

<u>प्रमाणित गरिए बमोजिम योजना आयोगको समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको :</u>

नाम थरः

पदः

दस्तखतः कार्यालयको छापः

प्रविष्टि मितिः

<u>नोटः-</u> यो फाराम प्रमाणित गर्दा देहायका पदाधिकारीले तयारी, प्रमाणित र समपूरक अनुदान प्रणालीमा प्रविष्ट गर्नेले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछः-

क. <u>तयार गर्ने महल</u>मा प्रमुख प्रशासकीय अधिकृतको र <u>प्रमाणित गर्ने महल</u>मा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिका/उपमहानगरपालिकाको प्रमुख र <u>प्रविष्ट गर्ने महल</u>मा आयोजना वा कार्यक्रम समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्ने।

अनुसूची-३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित

**आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धता**

**(क) विधिः**

१. **आन्तरिक राजस्व सङ्कलन सूचकाङ्कः** आर्थिक वर्ष २०७७/७८ को स्थानीय तहमा गएको समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँट, आन्तरिक राजस्व सङ्कलनको साथै स्थानीय तहको कुल राजस्वको स्रोतहरू र त्यस अन्तर्गतको खर्चहरूको विश्लेषण गरिएको छ। उल्लिखित तथ्याङ्कको आधारमा प्रत्येक स्थानीय तहको राजस्व एकाग्रता सूचकाङ्क मापन गरिएको छ। स्थानीय तह राजस्व एकाग्रता सूचकाङ्कले विद्यमान राजस्व सङ्कलनको अवस्थालाई मापन गर्दछ। तर कुनै स्थानीय तहले आन्तरिक राजस्व उठाउन सक्ने क्षमता हुँदाहुँदै पनि आन्तरिक राजस्व नउठाएका हुन सक्दछन्। विद्यमान आन्तरिक राजस्व सङ्कलन मात्र होइन भविष्यमा पनि आन्तरिक राजस्व सङ्कलनलाई उत्तिकै प्राथमिकता दिनु पर्ने हुन्छ। विद्यमान आन्तरिक राजस्व सङ्कलनलाई मात्र प्राथमिकता दिइयो भने स्थानीय तहलाई आन्तरिक राजस्व उठाउनको लागि प्रोत्साहित नहुन सक्दछ। तसर्थ भविष्यमा उठाउन सकिने आन्तरिक राजस्व सम्भावनालाई स्थानीय तहको भौगोलिक क्षेत्रभित्र रहेका उद्योगधन्दा र उद्योगधन्दा (प्रतिष्ठान) हरूले उत्पादन गरेका





वस्तु वा सेवाको माग गर्न सक्ने घरपरिवारको क्षमता समेतलाई ध्यानमा राखिएको र स्थानीय तह उद्योगधन्दा एकाग्रता सूचकाङ्क र स्थानीय तहको समृद्धिको अवस्थाबीच अन्तक्रिया हुँदा वस्तु र सेवाको उत्पादन र त्यसको घरपरिवारबाट हुन सक्ने मागलाई प्रतिनिधित्व गर्ने हुन्छ। उपरोक्त सूचकाङ्कको उपयोगबाट स्थानीय तहले आन्तरिक राजस्व सङ्कलन गर्न सक्ने सम्भावना आकलन गर्न सकिन्छ। त्यसै अनुसार स्थानीय तहले आन्तरिक राजस्व सङ्कलन गर्न सक्ने सम्भावनालाई सङ्केत गर्ने सूचकाङ्क निर्माण गरिएको छ।

२. **समृद्धिको अवस्थाः** राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संवत् २०७८ साल कार्तिक २५ गतेदेखि मङ्सिर ०९ गतेसम्म नेपाल जनसङ्ख्या तथा आवास गणना गरिएको थियो। घरेलु विशेषताहरू, सेवा उपयोगिताहरू र सुविधाहरूको तथ्याङ्क उपयोग गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुसार "सम्पत्ति सूचकाङ्क" निर्माण गरेको छ। सम्पत्ति सूचकाङ्क १७ वटा कारक तत्त्वहरूमा आधारित छ, जसमा नौ घरेलु सम्पत्ति, चार सेवाहरू र चार आवास गुणस्तर चरहरू समावेश छन्। यी कारकहरूभित्र घरको जगमा प्रयोग हुने सामग्री, घरको बाहिरी भित्तामा प्रयोग गरिने सामग्री, घरको छतमा प्रयोग गरिने सामग्री, घरको भुइँमा प्रयोग हुने सामग्री, पिउने पानीको मुख्य स्रोत, खाना पकाउने इन्धन, प्रकाशको लागि प्रयोग गरिने इन्धन, शौचालय सुविधाको उपलब्धता र प्रकार, टेलिभिजन, ल्यान्डलाइन फोन, स्मार्ट मोबाइल फोन, कम्प्युटर वा ल्यापटप, घरमा इन्टरनेट, कार,

जीप वा भ्यान, मोटरसाइकल वा स्कुटर, फ्रिज र लुगा धुने मेसिन जस्ता घरेलु सम्पत्तिहरू सम्पत्ति जनाउने तत्त्वहरू समावेश गरिएको छ। त्यस्तो सम्पत्ति सूचकाङ्कलाई अति गरिबी, गरिबी, मध्यम, धनि, अति धनि गरीपञ्चांशमा विभाजन गरिएको छ। उक्त पञ्चांशमध्ये अति धनि र धनिलाई स्थानीय तहको समृद्धिको सूचकाङ्कमा समावेश गरिएको छ। सो सूचकाङ्कले घरपरिवारमा भएको सम्पत्तिको आधारमा स्थानीय तहको समृद्धिको अवस्था सङ्केत गरेको छ।

३. <u>उद्योगधन्दा एकाग्रता सूचकाङ्कः</u> राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७५ सालमा आर्थिक गणना (Economic Census) गरेको थियो। आर्थिक गणनाले प्रत्येक स्थानीय तहमा भएका प्रतिष्ठानहरूको लगत तयार गरेको थियो। देशभरिको उद्योगधन्दा (प्रतिष्ठान) हरूको सङ्ख्या र सम्बन्धित पालिकामा भएको उद्योगधन्दाहरूको प्रयोग गरी प्रत्येक स्थानीय तहको प्रतिष्ठान एकाग्रता सूचकाङ्क निर्माण गरिएको छ।

४. <u>आर्थिक, सामाजिक र पूर्वाधार अवस्थासहित आन्तरिक राजस्व परिचालन सूचकाङ्कः</u> आन्तरिक राजस्व सङ्कलन निर्माण गर्दा दुई वटा पाटा रहेका छन्। पहिलो, राजस्व एकाग्रता सूचकाङ्क र समृद्धिको अवस्थाको ज्यामितीय औषत; दोस्रो, उद्योगधन्दा एकाग्रता सूचकाङ्क र समृद्धिको अवस्थाको ज्यामितीय औषत। पहिलोले प्रत्येक स्थानीय तहको विद्यमान आन्तरिक राजस्व परिचालनको अवस्थालाई सङ्केत गर्दछ भने दोस्रोले प्रत्येक स्थानीय तहको भविष्यमा हुन सक्ने राजस्व परिचालनको अवस्थालाई सङ्केत गर्दछ। यी दुवैको ज्यामितीय औषतलाई





उपयोग गरी स्थानीय तहले आन्तरिक राजस्व सङ्कलन गर्न सक्ने सम्भावना सूचकाङ्क निर्माण गरिएको छ। समृद्धिले राजस्व परिचालनको सन्दर्भमा वर्तमान र भविष्य दुवैलाई प्रतिनिधित्व गर्न सक्ने भएकोले यस सूचकाङ्क निर्माणमा समृद्धिलाई बढी भार दिइएको छ। यो सूचकाङ्क मूलतः स्थानीय तहमा रहेको समृद्धि सूचकाङ्क र आन्तरिक राजस्व एकाग्रता सूचकाङ्क, उद्योगधन्दा एकाग्रता सूचकाङ्कको ज्यामितीय औषत प्रयोग गरी व्युत्पन्न गरिएको एक मिश्रित उपाय हो। यसले प्रत्येक स्थानीय तहको सम्भावित आन्तरिक राजस्व परिचालनको अवस्थालाई जनाउँदछ। साथै यस सूचकाङ्कले वित्तीय क्षमतामा असमानता पहिचान गर्न र कम सूचकाङ्क देखिएको स्थानीय तहको राजस्व बढाउने क्षमतालाई बलियो बनाउन लक्षित पहलकदमी लिई करको दायरा बढाउन र सन्तुलित क्षेत्रीय विकासलाई बढावा दिन महत्त्वपूर्ण उपकरणको रूपमा काम गर्न प्रेरित गर्दछ।

५. सम्भावित आन्तरिक राजस्व परिचालनको सूचकाङ्क सधैं धनात्मक हुन्छ। तर उक्त सूचकाङ्क शून्य नजिक पनि हुन सक्दछ। उच्च अङ्कको सूचकाङ्कले आन्तरिक राजस्व सङ्कलनको लागि उच्च सम्भावना तथा क्षमतालाई जनाउँछ, जबकि सानो अङ्कको सूचकाङ्कले सीमित सम्भावना तथा क्षमतालाई जनाउँछ। सबै ७५३ स्थानीय तहको सूचकाङ्क निर्माण गर्दा शून्यको नजिकदेखि २९ सम्म रहेको देखिन्छ। यस सम्भावित आन्तरिक राजस्व परिचालन सूचकाङ्कले आन्तरिक स्रोत परिचालन गर्ने क्षमता र सम्भावनामा स्थानीय

सरकारहरूबीचको असमानतालाई उजागर गर्दछ। प्रत्येक स्थानीय तहको "स्थानीय सरकार आन्तरिक राजस्व सम्भावित सूचकाङ्क" तयार गरी सानोदेखि ठूलो आकारको सूचकाङ्क हुने गरी क्रमबद्ध गरिएको छ। यसरी क्रमबद्ध गरेपछि तथ्याङ्कीय विधिबाट सात वटा परिवर्तित बिन्दुहरू (Changing Points) पत्ता लगाइएको र त्यही परिवर्तित बिन्दुहरूको आधारमा स्थानीय तहहरूलाई सात भागमा विभाजन गरिएको छ।

६. स्थानीय तहले आन्तरिक राजस्व परिचालन गर्न सक्ने सम्भावना सूचकाङ्क निर्माण गरिसकेपछि अनुसन्धानकर्ताहरू, स्थानीय तह विज्ञहरू, स्थानीय तहका प्रातिनिधिहरू, नेपाल सरकारको प्रतिनिधिहरू, सरोकारवालाहरूसँगको अन्तक्रिया, छलफल, विभिन्न तथ्याङ्कीय विधि र प्रोक्सी सूचकाङ्कमार्फत् थप (Validation) गर्ने कार्य गरिएको छ। सहभागिताबाट उक्त सूचकाङ्क अनुसारको सात वटा वर्गीकरण र समपूरकको लागि नेपाल सरकारले उपलब्ध गराउन सक्ने लागत साझेदारी अनुपात निर्धारण गर्ने र स्वामित्व लिने कार्य गरिएको छ।

**(ख) तालिकाः** स्थानीय तहले आन्तरिक राजस्व परिचालन गर्न सक्ने सम्भावना सूचकाङ्कको क्रमबद्धतामा देखिएका परिवर्तनका बिन्दुहरूका आधारमा स्थानीय तहको वर्गीकरण





| | स्थानीय तह | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | समूह "क" | क्र.सं. | समूह "ख" | क्र.सं. | समूह "ग" | क्र.सं. | समूह "घ" | क्र.सं. | समूह "ङ" | क्र.सं. | समूह "च" |
| १ | साइपाल गाउँपालिका, बझांग | १ | लालझाडी गाउँपालिका, कञ्चनपुर | १ | साँफेबगर नगरपालिका, अछाम | १ | महाकाली नगरपालिका, दार्चुला | १ | गोदावरी नगरपालिका, कैलाली | १ | धनगढी उपमहानगर पालिका, कैलाली |
| २ | गौमुल गाउँपालिका बाजुरा | २ | शैल्यशिखर नगरपालिका, दार्चुला | २ | बडिमालिका नगरपालिका, बाजुरा | २ | दोधारा चाँदनी नगरपालिका, कंचनपुर | २ | टिकापुर नगरपालिका, कैलाली | २ | भिमदत्त नगरपालिका, कंचनपुर |
| ३ | हिमाली गाउँपालिका बाजुरा | ३ | डिलासैनी गाउँपालिका, बैतडी | ३ | दशरथचन्द नगरपालिका बैतडी | ३ | बेलौरी नगरपालिका, कंचनपुर | ३ | घोडाघोडी नगरपालिका कैलाली | | |
| ४ | मष्टा गाउँपालिका बझांग | ४ | नवदुर्गा गाउँपालिका, डडेलधुरा | ४ | मंगलसेन नगरपालिका, अछाम | ४ | बर्दगोरीया गाउपलिका, कैलाली | ४ | बेदकोट नगरपालिका, कंचनपुर | | |
| ५ | स्वामी कार्तिक खापर गाउँपालिका बाजुरा | ५ | शिखर नगरपालिका, डोटी | | | ५ | कृष्णपुर नगरपालिका, कंचनपुर | ५ | पुनर्वास नगरपालिका, कंचनपुर | | |
| ६ | बोगटान फुड्सिल गाउँपालिका डोटी | ६ | जोरायल गाउँपालिका, डोटी | | | ६ | जानकी गाउपालिका, कैलाली | ६ | शुक्लाफाँटा नगरपलिका कंचनपुर | | |
| ७ | खप्तड छेडेदह गाउँपालिका बाजुरा | ७ | आलिताल गाउँपालिका, डडेलधुरा | | | ७ | जोशीपुर गाउँपालिका, कैलाली | ७ | अमरगढी नगरपालिका, डडेल्धुरा | | |
| ८ | ढकारी गाउँपालिका अछाम | ८ | पाटन नगरपालिका, बैतडी | | | ८ | भजनी नगरपालिका कैलाली | ८ | लम्कीचुहा नगरपालिका, कैलाली | | |
| ९ | पुचौंडी नगरपालिका बैतडी | ९ | गन्यापधुरा गाउँपालिका, डडेलधुरा | | | ९ | दिपायल सिलगढी नगरपालिका, डोटी | | | | |

| | स्थानीय तह | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | समूह "क" | क.सं. | समूह "ख" | क.सं. | समूह "ग" | क.सं. | समूह "घ" | क.सं. | समूह "ङ" | क.सं. | समूह "च" |
| १० | आदर्श गाउँपालिका डोटी | १० | मार्मा गाउँपालिका, दार्चुला | | | १० | कैलारी गाउपलिका, कैलाली | | | | |
| ११ | त्रिवेणी नगरपालिका बाजुरा | ११ | बुंगल नगरपालिका बझांग | | | ११ | बेलडाडी गाउपलिका, कंचनपुर | | | | |
| १२ | सायल गाउँपालिका डोटी | १२ | चुरे गाउँपालिका कैलाली | | | १२ | परशुराम नगरपालिका, डडेल्धुरा | | | | |
| १३ | तुर्माखाँद गाउँपालिका अछाम | १३ | पन्चेश्वर गाउँपालिका, बैतडी | | | १३ | जयपृथ्वी नगरपालिका, बझांग | | | | |
| १४ | कमलबजार नगरपालिका अछाम | १४ | शिवनाथ गाउँपालिका, बैतडी | | | १४ | गौरिगंगा नगरपालिका, कैलाली | | | | |
| १५ | तलकोट गाउँपालिका बझांग | | | | | | | | | | |
| १६ | मोहन्याल गाउँपालिका कैलाली | | | | | | | | | | |
| १७ | चौरपाटी गाउँपालिका अछाम | | | | | | | | | | |
| १८ | पंचदेवल बिनायक नगरपालिका अछाम | | | | | | | | | | |





| | स्थानीय तह | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | समूह "क" | क.सं. | समूह "ख" | क.सं. | समूह "ग" | क.सं. | समूह "घ" | क.सं. | समूह "ङ" | क.सं. | समूह "च" |
| १९ | थलारा गाउँपालिका बझांग | | | | | | | | | | |
| २० | मेल्लेख गाउँपालिका अछाम | | | | | | | | | | |
| २१ | सिगास गाउपलिका, बैतडी | | | | | | | | | | |
| २२ | जगन्नाथ गाउँपालिका बाजुरा | | | | | | | | | | |
| २३ | के.आई.सिं. गाउँपालिका डोटी | | | | | | | | | | |
| २४ | पूर्विचौकी गाउँपालिका डोटी | | | | | | | | | | |
| २५ | बान्नीगढी जयगढ गाउँपालिका अछाम | | | | | | | | | | |
| २६ | दोगडाकेदार गाउँपालिका, बैतडी | | | | | | | | | | |
| २७ | भागेश्वर गाउँपालिका, डडेलधुरा | | | | | | | | | | |
| २८ | नौगाड गाउँपालिका, दार्चुला | | | | | | | | | | |

| | स्थानीय तह | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | समूह "क" | क्र.सं. | समूह "ख" | क्र.सं. | समूह "ग" | क्र.सं. | समूह "घ" | क्र.सं. | समूह "ङ" | क्र.सं. | समूह "च" |
| २९ | बुढिगङ्गा नगरपालिका, बाजुरा | | | | | | | | | | |
| ३० | लेकम गाउँपालिका, दार्चुला | | | | | | | | | | |
| ३१ | बडिकेदार गाउँपालिका, डोटी | | | | | | | | | | |
| ३२ | व्यास गाउँपालिका, दार्चुला | | | | | | | | | | |
| ३३ | बुढिनन्दा नगरपालिका, बाजुरा | | | | | | | | | | |
| ३४ | खप्तडछान्ना गाउँपालिका, बझाङ | | | | | | | | | | |
| ३५ | मेलौली नगरपालिका, बैतडी | | | | | | | | | | |
| ३६ | दुर्गाथली गाउँपालिका, बझाङ | | | | | | | | | | |
| ३७ | केदारस्यु गाउँपालिका, बझाङ | | | | | | | | | | |
| ३८ | अपिहिमाल गाउँपालिका, दार्चुला | | | | | | | | | | |
| ३९ | अजयमेरु | | | | | | | | | | |





| | स्थानीय तह | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | समूह "क" | क्र.सं. | समूह "ख" | क्र.सं. | समूह "ग" | क्र.सं. | समूह "घ" | क्र.सं. | समूह "ङ" | क्र.सं. | समूह "च" |
| | गाउँपालिका, डडेल्धुरा | | | | | | | | | | |
| ४० | सूर्मा गाउँपालिका, बझाङ | | | | | | | | | | |
| ४१ | सुर्नया गाउँपालिका, बैतडी | | | | | | | | | | |
| ४२ | छबिस पाथिभेरा गाउँपालिका, बझाङ | | | | | | | | | | |
| ४३ | वित्थडचिर गाउँपालिका, बझाङ | | | | | | | | | | |
| ४४ | मालिकार्जुन गाउँपालिका, दार्चुला | | | | | | | | | | |
| ४५ | दुहुँ गाउँपालिका, दार्चुला | | | | | | | | | | |
| ४६ | रामारोशन गाउँपालिका अछाम | | | | | | | | | | |

(ग) तालिकाः समपूरक अनुदानका लागि लागत सहभागिता विवरणः

| स्थानीय तहको वर्ग | प्रदेश सरकारले उपलब्ध गराउने अधिकतम अनुदान | स्थानीय सरकारले विनियोजन गर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| क | ८० | २० |
| ख | ७० | ३० |
| ग | ६० | ४० |
| घ | ५० | ५० |
| ङ | ४० | ६० |
| च | ३० | ७० |





अनुसूची -४

(दफा १६ को उपदफा (६) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क फोन नः                    इमेलः

जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नं.

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम सञ्चालन भएको स्थान (गाउँपालिका / नगरपालिका, वडा नम्बर) | कुल लागत (लागत अनुमान बमोजिमको) | चालु आ.व. मा कुल विनियोजन | ......अवधि को लक्ष्य | | ...अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

आज्ञाले,
राजेन्द्र कुमार हमाल
प्रदेश सरकारको सचिव।



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-